प्रदेश सरकार
प्रदेश नं. २, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रौतहट

फोन नं. ०५५-५४०२१०

पत्र संख्याः-
चलानी नं.:-

२. वन्यजन्तु चोरी निकासी र नियन्त्रण अवस्था :-

- डि.व.का रौतहटमा नि.डि.व.अ.श्री अमरदेव प्रसाद यादव समेतका वन कर्मचारीहरुले मिति २०७८/२/७ गते बेलुकी ६:३० बजेको समयमा धनसर सब डि.व.का.अन्तर्गतको वन जंगलमा टुरगस्ती गर्दै जाँदा पुर्व : लमाहा खोला, पश्चिम : भुलनटार जाने बाटो, उत्तर :-राष्ट्रिय वन र दक्षिण : राजमार्ग यति चार किल्ला भित्रको वन जंगलमा ५/७ जना व्यक्तिहरुको समुहले बदेललाई शिकार गर्ने उद्देश्यले लखेटी रहेको अबस्थामा पक्राउ गर्न खोज्दा जिल्ला रौतहट चन्द्रपुर न.पा. वडा नं. ३ भुलनटार टोल बस्ने काजिमान स्याङतानको छोरा वर्ष ३८ को सिताराम स्याङताम जना १ पक्राउमा परेको र अरु शिकार गर्ने व्यक्तिहरु भरुवा बन्दुक फायर गर्दै भागी फरार भएको अबस्थामा निज पक्राउ परेको व्यक्तिको संग साथ तथा वरिपरी खोजतलाश गर्दा जाल थान-१, डोरी थान-१, लौरो थान- १ खुर्पा थान-१ दशी प्रमाण सहित बरामद भएको हुँदा सबुँद प्रमाणको आधारमा बदेल र हरिण तथा अन्य वन्यजन्तुहरुको शिकार गर्ने व्यक्तिलाई पत्ता लगाई वन ऐन २०७६ बमोजिम कारवाही गरी पाउँ भनी यो प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छ भनी नि.डि.व.अ.श्री अमरदेव प्रसाद यादव समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जांचबुझ तथा अनुसन्धान कार्यको लागि स.व.अ. श्री बैजनाथ मण्डललाई खटाईएको ।

३. अतिक्रमण र नियन्त्रण अवस्था :-

- यस कार्यालयको अभिलेख अनुसार हालसम्म यस जिल्लामा पुरानो अतिक्रमण ३१९० हे. रहेको छ र नयाँ वनक्षेत्र अतिक्रमण हुन नदिन स्थानिय प्रहरी, प्रशासनसंग समन्वय गरी नियमितरुपमा गस्ती गरिचालन हुदै आएको ।

४. ढुंगा, वालुवा, ग्रेवेल चोरी निकासी र नियन्त्रणको अवस्था :-
५. अन्य कुनै घटनाको विवरण :-

२०७८/३/१
डिभिजन वन अधिकृत

बोधार्थ
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं.२, जनकपुरधाम, धनुषा :- जानकारीको लागी अनुरोध छ ।
श्री वन तथा भू-संरक्षण विभाग,
बबरमहल, काठमाण्डौ :- जानकारीको लागी अनुरोध छ ।
श्री जिल्ला प्रशासन कार्यालय,गौर, रौतहट :- जानकारीको लागी अनुरोध छ ।

e-mail: raudfo@gmail.com